# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०८०/०८१

## आ.व. २०८१/८२ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना

*(प्रकाशित मितिः-२०८०/१०/२९)*

चालु आर्थिक वर्ष २०८०/८१ मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेका अठार वर्ष देखि उनान्साठी वर्ष उमेर समूहका बेरोजगार नागरिकले २०८० फागुन मसान्त सम्म आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा सूचीकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा र यस सम्बन्धी थप जानकारी मरिण गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्र वा मरिण गाउँपालिकाको वेबसाइट www.marinmun.gov.np र प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

### बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धी प्रवधान

(क) १८ देखि ५९ वर्ष उमेर समूहको हुनु पर्ने,

(ख) निवेदन दिंदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारमा संलग्न नभएको हुनु पर्ने,

(ग) स्वरोजगारमा संलग्न व्यक्तिको हकमा निवेदन दिंदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय (चालु आर्थिक वर्षको सन्दर्भमा रु.६६,८००।-) भन्दा कम आय भएको हुनु पर्ने ।

२०८०/१०/२९

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत